जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक ११८ २०७८ साल मंसिर १८ गते शनिबार (4 Dec. 2021 Saturday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

यौन दुराचारी जहाँपनि हुन सक्छन्
त्यस्ता दुराचारीबाट सजग र सचेत रहौं,
आफू पनि बचौ र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : अपाङ्गता अधिकार : ऐन छ,.. ३ पृष्ठमा : रामजानकी विवाहपञ्चमी ... ३ पृष्ठमा :न्युयोर्कमा एकैदिन ओमिक्रोनका.

## असक्तलाई सिरक प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, १७ मंसिर ।**

चिसोबाट पीडित र शारिरीक रुपमा अशक्त विपन्न परिवारका ५० जनालाई शुक्रबार सिरक प्रदान गरिएको छ ।

राजविराजस्थित समावेशी अपाङ्ग संघ र बौद्धिक अपाङ्गता अभिभावक संघ सप्तरीले संयुक्त रुपमा ३० औं अन्तराष्ट्रिय अपाङ्ग दिवसको अवसर पारेर ५० जना शारीरिक असक्तलाई सिरक बितरण गरेको हो ।

उक्त कार्यक्रममा राजबिराज नगरपालिकाको सहयोगमा १६ वटै वडाबाट आएका ५० जना अपांगता भएका ब्यक्तीहरूलाई सिरक बितरण गरिएको समाबेशी अपांग संघका अध्यक्ष सतिशचन्द्र झाले जानकारी दिए ।

समावेशी अपाङ्ग संघका अध्यक्ष सतिशचन्द्र झाको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादवले सिरक बितरण गरेका थिए ।

कार्यक्रममा समाजिक क्षेत्रमा योगदान पुऱ्याए वापत नगर प्रमुख यादव, उपप्रमुख साधना झा, पत्रकार बैजनाथ झा, मनोहर पोखरेललाई आयोजकले सम्मान गरेका थिए ।

राजविराज नगरपालिकाको सहयोगमा गरिएको उक्त कार्यक्रममा बौद्धिक अपाङ्गता अभिभावक संघका अध्यक्ष जगदीश अर्यालले आर्थिक रुपले कमजोर र शारिरीक रुपमा अशक्तहरुलाई प्रत्येक वर्ष अपाङ्ग दिवसको अवसर पारेर संघद्वारा विभिन्न सहयोग र शिपमूलक कार्यक्रमहरुको आयोजना गरिदै आएको जानकारी दिए ।

यसैगरी शुक्रबारै बोदेबरसाईन नगरपालिका नगरप्रमुख आतेश कुमार यादबको उपस्थितिमा अपांगता भएका १ सय ५० जना ब्यक्तीहरूलाई कम्वल बितरण गरिएको छ ।

## महदेवाका हजरत अस्पताल परिसरमै लुटिए

**दैनिक समाचारदाता**
**राजविराज, १७ मंसिर ।**

सप्तरीको महादेवा गाउँपालिका ४ वलियाका एक व्यक्ति गजेन्द्रनारायण सिंह अस्पताल राजविराज परिसर भित्र लुटिएका छन् ।

महादेवा गाउँपालिका ४ बलियाका मो. हजरतले शुक्रबार पत्रकार सम्मेलन गर्दै गाउँका मो.

*बाँकी दुई पृष्ठमा*



## काँग्रेसको तीन क्षेत्रमा संस्थापन पक्षका सभापति







**दैनिक समाचारदाता**
**राजविराज, १७ मंसिर ।**

नेपाली काँग्रेस सप्तरीको चार मध्ये तीन निर्वाचन क्षेत्रमा संस्थापन पक्षका सभापति निर्वाचित भएका छन् । महासमिति प्रतिनिधिमा समेत अधिकांश संस्थापन पक्ष कै उम्मेदवार बिजयी भएका छन् ।

शुक्रवार घोषित परिणाम अनुसार सप्तरीको क्षेत्र १ बाट ललन प्रसाद गुप्ता, २ बाट महानन्द प्रसाद यादव र ३ बाट भुपेन्द्र यादब निर्वाचित भएका हुन । क्षेत्र नं. ४ भने बिवादका कारण अझै अधिबेशन हुन नसकेको नेपाली काँग्रेस सप्तरीका प्रवक्ता प्रभात कुमार ललनले जानकारी दिएका छन् ।

संस्थापन पक्षका मानिएका जिल्ला सभापति दिनेश कुमार यादबले सो क्षेत्रमा सम्पन्न भईसकेका केही ठाउमा पुन अधिबेशन गर्नुपर्ने भन्दै सासंद तेजुलाल चौधरीले अनावश्यक बखेडा झिकेको आरोप लगाएका छन् ।

सांसद चौधरीले सम्पन्न भईसकेका वडा गाउँ र नगर अधिबेशन कै आधारमा क्षेत्रिय अधिवेशन हुनुपर्ने अडान लिएको सभापति यादवको भनाई छ । तर, संस्थापन ईतर पक्षका मानिएका सासंद चौधरीले केही ठाउमा अधिबेशन क्रममा धाँधली भएको दाबी गर्दै सो ठाउमा पुन: अधिवेशन हुनुपर्ने अडान लिएका छन । जसकारण उक्त क्षेत्रमा अधिवेशन हुन सकेको छैन् ।

## सुदृढ शान्तिसुरक्षा व्यवस्था कायम गर्ने : एसपी काफ्ले



**दैनिक समाचारदाता**
**राजविराज, १७ मंसिर ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सरुवा भई सप्तरी प्रहरी प्रमुखको रुपमा आएका प्रहरी उपरिक्षक अविनारायण काफ्लेले सबै जिम्मेवार सरोकारवाला सँग सहकार्य गरेर सुदृढ शान्तिसुरक्षा व्यवस्था कायम गर्ने बताएका छन् ।

शुक्रबार जिल्ला प्रहरी कार्यालय सप्तरीमा संचारकर्मीहरुसँगको भेटघाट तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरि उनले यस कार्यमा सघाउन संचारकर्मी तथा अन्य सरोकारवालाहरुसँग अनुरोध पनि गरे ।

उनले प्रहरी र पत्रकारको करिब एउटै प्रकृतीको जिम्मेवारी रहेकाले सहकार्यबाट सो जिम्मेवारी सफलतापूवर्क पूरा हुने विश्वास व्यक्त गरे । लागुऔषध, गुण्डागर्दी, हत्या, अपहरण लगायतका घटना न्युनिकरणका लागि विशेष रणनीति बनाउने उनले आफ्नो योजना सुनाए ।

तथ्यगत सूचना दिएर

*बाँकी दुई पृष्ठमा*

### राजविराज नगरपालिका कार्यालय
### राजविराज, सप्तरी

**आ.व. २०७८।०७९ का लागि बिभिन्न ठेक्कामा सिलबन्दि बोलपत्र आव्हानको सूचना ।**

पाँचौ पटक प्रकाशित मिति २०७८।०८।१७

स्थानीय सरकार सन्चालन ऐन, २०७४ बमोजिम आ.व. २०७८।०७९ देखी ३ वर्षका लागी पोखरी ठेक्का लगाउने विषयको विस्तृत सूचना आजको मितिमा नगरपालिकाको सूचना पाटीमा टाँस गरिएको छ । इच्छुक बोलपत्रदाता यस कार्यालयको सूचना पाटी वा यस न.पा. को website : www.rajbirajmun.gov.np हेर्नुहुन सूचित गरिन्छ ।

| क्र.सं. | ठेक्काको नाम | न्युनतम अंक |
| --- | --- | --- |
| १ | कन्दुदास पोखरी साविक वडा नं. ४ हाल ३ | ३,२८,०५०।०० |

मदन कुमार थापा
प्रमुख प्रशासकिय

# अपाङ्गता अधिकार : ऐन छ, कार्यान्वयन छैन

काठमाडौं, १७ मङ्सिर (रासस)। कोहलपुर नगरपालिका–१ बाँकेका कृष्ण गौतम काठमाडौं पुरानो बसपार्कबाट कीर्तिपुर जानका लागि बस चढ्न खोज्दा सहचालकले अनुमति दिएनन्। शारीरिक रुपमा अपाङ्गता हुनुभएका ह्विलचियर प्रयोगकर्ता गौतमले धेरै अनुनय विनय गर्दा पनि अपाङ्गता भएकै कारण सहचालकले उहाँलाई बसमा चढाउन आनाकारी गरिरहे। गौतमले अर्को बसलाई आग्रह गर्दा पनि त्यसैगरी सहचालकले झर्को मान्दै "अर्को बसमा आउनू" भनिदिए।

प्रहरीका सहयोगमा बल्लबल्ल लत्रिएरै भए पनि बस चढेर कीर्तिपुर पुग्नुभएका गौतमले अपाङ्गता भएकै कारण सार्वजनिक यातायातमा चढदा धेरै पटक त्यस्तो समस्या भोग्दै आउनुभएको छ। उहाँले भन्नुभयो,"अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ मा अपाङ्ता भएका व्यक्तिलाई सार्वजनिक यातायातमा ५० प्रतिशत छुट दिने भनिएको छ, छुट दिनु त परै जाओस्, अपाङ्गता देख्नेबित्तिकै चालक/सहचालकले गाडीमा चढाउनै मान्दैनन्।" उहाँले पुरानो बसपार्कबाट कीर्तिपुर जाँदा मात्रै होइन, लामो दूरीको यात्रा जस्तै काठमाडौँबाट नेपालगन्ज जाँदा पनि त्यस्तै समस्या भोग्नु परेको छ। गत वर्ष दशैंका समयमा नेपालगन्ज जाने बेला तीन बसले चलाउन उहाँलाई इन्कार गरिदिए। चौथो बसले चढाउन त चढायो तर भाडा छुट माग्दा सहचालकले दिएनन्।

अपाङ्गता भएकै कारण सार्वजनिक यातायात प्रयोग गर्नका लागि अजिरकोट गाउँपालिका–३ गोरखाका दृष्टिविहीन टेकनाथ न्यौपानेले पनि त्यस्तै समस्या भोग्नु परेको छ। ललितपुर, लुभुमा बस्दैआउनुभएका उहाँले लगनखेलबाट लुभु जाने बेला अपाङ्गता परिचयपत्र देखाएर भाडा छुट माग्ने क्रममा सहचालकले भाडा छुट प्रावधानबारे अनभिज्ञता प्रकट गरे। सहचालकले "पूरा भाडा दिने भए बसमा चढ्नुहोस्, नत्र झर्नुहोस्" भन्दै उहाँलाई बसबाट ओरालिदिए। कानुनी व्यवस्था हुँदाहुँदै सार्वजनिक यातायातमा विभिन्न समस्या भोग्ने गौतम र न्यौपाने उदाहरण मात्रै हुनुहुन्छ।

अपाङ्गता अधिकार ऐनमा सवारी साधन धनी वा चालकले तोकिएबमोजिमका अपाङ्गता भएका व्यक्तिलाई बस, रेल, हवाइजहाज जस्ता साधनमा यात्रा गर्दा भाडामा छुट उपलब्ध गराउनुपर्ने व्यवस्था गरिए छ। ऐनअनुसार ल्याइएको अपाङ्ग अधिकार नियमावलीले पनि अपाङ्गता व्यक्तिलाई सार्वजनिक यातायातमा भाडा छुट दिनु भनेको छ। त्यसको प्रभावकारी कार्यान्वयन भएको पाइँदैन। ऐनबमोजिम अपाङ्गता भएका व्यक्तिको अधिकार उल्लङ्घन गरिएमा वा निजप्रतिको दायित्व पूरा नगरेमा त्यस्तो व्यक्तिलाई रु ५० हजारसम्म जरिवाना हुनेछ।

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका अध्यक्ष मित्रलाल शर्माले ऐनअनुसार नियमावली नबनेका कारण संशोधन गरेर राज्यले नै प्रभावकारी कार्यान्वयनका लागि पहल गर्नुपर्ने माग गर्नुभयो। बनेका नीतिनियमका बारेमा स्थानीय तहलाई अभिमुखीकरण गर्न, अपाङ्गता भएका व्यक्तिको अधिकारका पक्षमा काम गर्न तथा कानुन, नीति र निर्देशिकामा भएका व्यवस्था लागू गराउन जिम्मेवार बनाउनुपर्ने महासङ्घको भनाइ छ। अध्यक्ष शर्माले भन्नुभयो,"नियमावलीले पूर्णअशक्त र अतिअशक्तलाई मात्रै समेटेको छ, ऐनसँग बाझिने गरी नियमावली आएको छ, भएको व्यवस्था पनि कार्यान्वयन हुन सकेको छैन, कार्यान्वयन भए/नभएको बारे सरकार वा सम्बन्धित निकायबाट अनुगमन भएको छैन।" ऐनमा अपाङ्गता भएका व्यक्तिका लागि निःशुल्क स्वास्थ्य, शिक्षा र रोजगारीको विषयलाई पनि समावेश गरे पनि कार्यान्वयन हुन सकेको छैन।

अपाङ्गता परिचयपत्र देखाएर उपचारका लागि अस्पताल जाँदा विभिन्न बहानामा फर्काइदिने गरेको अपाङ्गता भएका व्यक्तिको गुनासो छ। अपाङ्गता ऐन मात्रै होइन सम्बन्धित अन्य ऐन/कानून, नीति नियम पनि कार्यान्वयन हुन सकेको छैन। अपाङ्ता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि २००६ को पक्ष राष्ट्र नेपालले उल्लिखत प्रावधान कार्यान्वयन गराउनु अनिवार्य दायित्वअन्तर्गत परे पनि त्यो महासन्धिमै सीमित छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, अपाङ्गता अधिकार प्रवर्द्धन शाखा प्रमुख जमुना मिश्रले ऐनमा व्यवस्था भएको अपाङ्गताको निःशुल्क शिक्षा, स्वास्थ्य र यातायातलगायत ऐनमा व्यवस्था भएका अन्य अधिकार शहरी क्षेत्रमा कार्यान्वयन भए पनि जानकारी नभएका कारण ग्रामीण क्षेत्रमा समस्या भएको स्विकार्नुभयो। उहाँका अनुसार ऐनबारे जानकारी नभएका कारण पनि कार्यान्वयनमा समस्या आएको हो। सम्बन्धित क्षेत्रको सल्लाह र सुझावका आधारमा अपाङ्गता अधिकार नियमावली संशोधन गर्दै कार्यान्वयनका लागि मन्त्रालयले सचेतना अभियान सञ्चालन गर्ने तयारी गरेको छ। "कार्यान्वयनका लागि मन्त्रालय एक्लैले पहल गरेर मात्रै हुन्न, कार्यान्वयनका लागि सबै त्यतिकै सक्रिय हुनुपर्छ", उहाँले भन्नुभयो।

सरकारले २०६९ सालमा अपाङ्गता भएका व्यक्तिका लागि भौतिक पहुँच तथा सञ्चार सेवा निर्देशिका लागु गरेको छ। यी विभिन्न कानुनी दस्तावेज नेपालका तीनै तहका लागि अपाङ्गता भएका व्यक्तिको हकहितमा काम गर्न निर्देश गर्ने मूल प्रावधान हुन् जसमा अपाङ्गता भएका व्यक्तिका लागि राज्यले सुनिश्चित गर्नुपर्ने सबैखाले सेवा सुविधा, अधिकार र सहुलियतका बारेमा उल्लेख छ।

नेपाल अपाङ्ग महिला सङ्घका अध्यक्ष टीका दाहालले नियमावली परिमार्जन गर्दै कार्यान्वयनका लागि सरकारले नै सचेतना अभियान सञ्चालन गर्नुपर्ने तर्क गर्नुभयो। उहाँले भन्नुभयो,"नियमावलीले अपाङ्गताबीच विभेद गरेको छ, कसैलाई अधिकार दिएको छ, कसैलाई छैन, अपाङ्ग महिलामैत्री हुन सकेको छैन, त्यसलाई संशोधन गर्नुपर्छ र प्रभावकारी कार्यान्वयन गर्नुपर्छ।"

विश्व बैंक र विश्व स्वास्थ्य सङ्गठनले विश्वको कुल जनसङ्ख्याको १० देखि १५ प्रतिशत मानिस अपाङ्गताका अवस्थामा बाँचिरहेको जनाएका छन्। अधिकांश अपाङ्ता भएका व्यक्ति विकासशील वा अल्पविकसित देशमा छन्। यो तथ्याङकलाई नेपालका हकमा मान्दा नेपालमा अपाङ्गता भएका व्यक्ति झण्डै ३० लाख छन्। हालसम्म नेपालमा कति अपाङ्ता भएका व्यक्ति छन्, कहाँ कस्तो अवस्थामा छन् भन्ने विस्तृत तथ्याङ्क राज्यसँग छैन। राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदनमा उल्लेख भएअनुसार कुल जनसङ्ख्याको १.९४ प्रतिशत मात्र अपाङ्ता भएका व्यक्ति रहे पनि यस तथ्याङ्कलाई अपाङ्गता भएका व्यक्ति, संस्था र अन्तरराष्ट्रिय समुदायले स्विकारेका छैनन्।

उल्लिखित अपाङ्तासम्बन्धी कानुनी प्रावधानबाहेक अरू विभिन्न विषयगत कानुन, नीति र निर्देशिकामा पनि अपाङ्ता भएका व्यक्तिका लागि विशेष व्यवस्था गरिएका छन्। त्यसमध्ये स्थानीय सरकार सञ्चालन ऐन, सामाजिक सुरक्षा ऐन, निजामती सेवा ऐन, शिक्षा ऐन, राष्ट्रिय शिक्षा नीति मुख्य रूपमा छन्। अपाङ्गता नीति र नियममा विभिन्न व्यवस्था उल्लेख गरिए पनि अपाङ्ता भएका व्यक्तिको जीवनमा परिवर्तन ल्याउने गरी ती कानुनी र नीतिगत प्रावधानको कार्यान्वयनको अवस्था एकदमै कमजोर छ। राष्ट्रिय अपाङ्ग युवा सञ्जालका अध्यक्ष महेन्द्र थापाले अपाङ्गता अधिकारसम्बन्धी ऐन कार्यान्वयनमा सरकारको मुख्य दायित्व हुने र त्यसका लागि कार्यान्वयन भए/नभएको बारे अनुगमन गरिनुपर्ने र जनचेतना फैलाउनुपर्ने बताउनुभयो।

नेपालमा अपाङ्ता भएका व्यक्ति सीमान्तकृत समुदायका रूपमा चिनिन्छन्। शारीरिक, मानसिक, बौद्धिक र इन्द्रियसम्बन्धी अवस्थाका आधारमा हुने विभिन्न प्रकारका भेदभाव, दुव्यवहार, हिंसा तथा मानवनिर्मित भौतिक संरचना एवं सूचना तथा सञ्चारमा हुने अवरोधका कारण अपाङ्ता भएका व्यक्ति सधैँ मानवअधिकार, आधारभूत सेवासुविधा, मौलिक हक र अवसरको समान उपयोगमा सबैभन्दा पछाडि पारिएका छन्। नेपाल सरकारले दिगो विकास लक्ष्यको कार्यान्वयनमार्फत २०३० सम्ममा कसैलाई पनि पछाडि नपार्ने (नोवान लेफ्ट विहाइन्ड) भन्ने उद्देश्य लिइएको र अपाङ्ता भएका व्यक्ति दिगो विकास लक्ष्यको मुख्य लाभग्राही रहेको स्पष्ट उल्लेख भए पनि हालसम्मका सरकारका दिगो विकास लक्ष्यका कार्यक्रमले अपाङ्ता भएका व्यक्तिलाई समेटन सकेको छैन।

राष्ट्रिय अपाङ्ग महासङ्घका पूर्वाध्यक्ष सुदर्शन सुवेदी भएका ऐन कार्यान्वयनका लागि अपाङ्गता सशक्तिकरण प्रतिष्ठान स्थापना गरी सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहले प्रभावकारी काम गर्नुपर्ने धारणा राख्नुहुन्छ। । सन् २०१६ मा नेपालका ५९ जिल्लामा अपाङ्ग महासङ्घका समन्वयमा सिन्टेफ नामक अन्तरराष्ट्रिय अनुसन्धान संस्थाले गरेको अपाङ्ता भएका व्यक्तिको जीवनस्तर अध्ययनको प्रतिवेदनानुसार अपाङ्ता नभएका व्यक्तिका तुलनामा अपाङ्ता भएका व्यक्तिको सेवासुविधामा पहुँचको अन्तर ७० देखि ९० प्रतिशत छ।

विभिन्न सहायक सामग्री पाउनुपर्ने अवस्थाका आठ अपाङ्ता भएका व्यक्तिमध्ये केवल एकले मात्र पाएका छन्। विद्यालय जाने उमेर समूहका अपाङ्ता भएका बालबालिकामध्ये ४०.५ प्रतिशत बाहिर छन् र शिक्षालय पठाउन सरकारी निकायबाट पर्याप्त पहल भएको छैन। युनिसेफद्वारा प्रकाशित एक प्रतिवेदनानुसार अनुसार पाँचदेखि १२ वर्ष उमेरका कुल अपाङ्ता भएका बालबालिकामध्ये ३० प्रतिशत अझै विद्यालय बाहिर छन्। सरकारी प्रतिवेदनानुसार सरकारले सञ्चालन गरेका ३५ हजार ९९३ बालविकास केन्द्रमा नौ लाख ७३ हजार ९०० बालबालिका सिकिरहेका छन् तर यिनमा अपाङ्ता भएका बालबालिका तीन हजार २७० मात्र छन्। स्वास्थ्यको अवस्था हेर्दा अपाङ्ता भएका व्यक्तिमध्ये ८१.४ प्रतिशतको स्वास्थ्यावस्था अपाङ्ता नभएका व्यक्तिका तुलनामा निकै जोखिमपूर्ण रहेको र तीमध्ये झण्डै ६१ प्रतिशत विभिन्न प्रकारका मानसिक स्वास्थ्यसम्बन्धी समस्याको शिकार भएका छन्।

सन् २०१९ मा अपाङ्ग महासङ्घले गरेको अध्ययन प्रतिवेदनले देखाएअनुसार ६७ प्रतिशत अपाङ्ता भएका महिला विभिन्न प्रकारका हिंसाको शिकार हुने गरेका छन् जसमा ६३ प्रतिशत युवा अपाङ्ता भएका छन्। बाउन्न प्रतिशत अपाङ्ता भएका महिलाको यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सूचनामा पहुँच छैन। कुल हिंसामा परेका महिलामध्ये १६ प्रतिशतले मात्र उजुरी गर्छन् र यसका मुख्य कारण न्याय र गुनासो दर्ता प्रणाली तथा सुनुवाइ प्रकिया अपाङ्ता भएका व्यक्तिका लागि पहुँचरहित हुन्। अपाङ्ता भएका महिलामाथि हुने हिंसामा २१ प्रतिशत शैक्षिक संस्थामा हुने गरेको छ। धेरै अपाङ्ता भएका महिलाले प्रजनन स्वास्थ्यको हक उपयोग गर्न पाएका छैनन्। यसैगरी विपद् वा मानवीय सङ्कटावस्थामा अपाङ्ता भएका व्यक्ति धेरै प्रभावित हुने गरेको तथ्य २०७२ साल वैशाखको भूकम्पबाट नै उजागर भएको महासङ्घले जनाएको छ। विपद्का अवस्थामा प्रायः आपत्कालीन शिविर अपाङ्तामैत्री नहुनु, पूर्वसूचना प्रणाली अपाङ्तामैत्री नहुनु, अपाङ्ता भएका व्यक्तिको तथ्याङ्क उपलब्ध नहुनु तथा उद्धारकर्मीलाइ अपाङ्गताका विषयमा कुनै जानकारी, अभिमुखीकरण र तालिम नहुनु जस्ता कारणले अपाङ्ता भएका व्यक्ति धेरै जोखिममा पर्ने गरेको महासङ्घका अध्यक्ष शर्माले जानकारी दिनुभयो।

कोभिडको महामारीबाट धेरै अपाङ्ता भएका व्यक्ति प्रभावित भएका छन्। बन्दाबन्दीका बेला महासङ्घले गरेको एक द्रुत लेखाजोखाले ल्याएको तथ्याङ्कानुसार ४० प्रतिशतभन्दा बढी अपाङ्ता भएका व्यक्तिले आफ्नो नियमित आय स्रोत गुमाउनुपरेको तथा धेरै ठाउँमा राहतबाट वञ्चित हुनुपरेको थियो। लकडाउनका कारण नियमित रूपमा सघन प्रकृतिको स्वास्थ सेवा लिइरहेका अपाङ्ता भएका व्यक्ति स्वास्थ्य सेवाबाट वञ्चित भएको तथा कोभिडसम्बन्धी सूचना पहुँचयुक्त नभएका कारण र क्वारेन्टिन तथा आइसोलेसन सेन्टर अपाङ्तामैत्री नहुँदा धेरै सङ्क्रमितावस्थामा रहेका अपाङ्ता भएका व्यक्तिले अनेकौं पीडा भोग्नुपरेको थियो।

अपाङ्ता भएका व्यक्तिका लागि काम गर्न प्रदेश सरकार र स्थानीय तहको क्षमता विकास गर्नुपर्ने तथा कानुनमा भएका व्यवस्था हरेक मन्त्रालयले आफ्ना वार्षिक कार्यक्रम र नीतिमा बजेटसहित समेट्नुपर्ने र हरेक पालिकामा अपाङ्ता भएका व्यक्तिको सही तथ्याङ्क राख्ने प्रणालीमा एकरूपता ल्याउनुपर्ने समेत माग गरिँदै आएको छ। स्थानीय तह र प्रदेशसरकारले अपाङ्ता भएका व्यक्तिका लागि योजना निर्माण गर्दा वा निर्णय गर्दा तिनका अनुभव, भोगाइ र विज्ञताको उपयोग गर्नुपर्ने तथा तिनका कुरा सुन्ने, छलफल गर्ने र परामर्श गर्ने पर्याप्त र पहुँचयुक्त वातावरण निर्माण गर्नुपर्नेमा अपाङ्गता अधिकारकर्मीले जोड दिँदै आएका छन्।

### महदेवाका हजरत ...

आसिन मियाँ र मो. फिदा हुसेन लगायतकाले नगद तथा मोबाईल लुटपाट भएको आरोप लगाएका हुन्।

गत बुधबार गाउँमा विवाद पश्चात् कुटपिटबाट बुवा कमुल मियाँ र दाजु जामुन मियाँ घाइते भएपछि उपचारका लागि अस्पतालमा ल्याउँदा आसिन र फिदाको समूहले अस्पताल हाताभित्र कुटपिट गर्दै लुटपाट गरेको उनले आरोप लगाए।

चिकित्सकले औषधि लेखेको पुर्जा लिएर बाहिर आउने क्रममा उनीहरुले अचानक आक्रमण गरि नगद ६५ हजार र एक थान मोबाइल लुटेर लगेको उनले पत्रकार सम्मेलनमा जानकारी दिए।

आसिन र फिदा लगायत १०/१२ जनाको समूहले धारिलो हतियारसहित आक्रमण गरे, हजरतले पत्रकार सम्मेलनमा भने, "उनीहरुले कुटपिट गर्दै आफुसंग औषधि किन्न राखेको पैसा र मोबाइल लुटेर लगे" उनले थपे, आफुलाई अपहरण गर्ने मनसायले आएका उनीहरु आफू चिच्याउनु थालेपछी प्रहरी पुग्नसाथ केहि भागे केही व्यक्ति पक्राउ समेत परे।"

आक्रमणमा संलग्न मुख्य अभियुक्तलाई प्रहरी पक्राउ गर्न नसकेकोले गाउँ घर तर्फ जान समेत नसक्ने अवस्था रहेको उनको भनाई छ। अभियुक्तहरु भर्खरै अभद्र व्यवहार मुद्दामा पक्राउ परि रिहाई भएको बताउदै उनीहरुको आक्रमणबाट घाईते बुवा र दाजुको विराटनगरमा उपचार भईरहेको उनले बताए।

हजरतले अभियुक्तहरुलाई पक्राउ, शान्ति सुरक्षाको व्यवस्था, घाईते बुवा र दाजुको औषधी उपचार खर्चको व्यवस्थाका लागि पहल गरिदिन हुन सरोकारवालाहरुलाई पत्रकार सम्मेलन मार्फत आग्रह समेत गरेका छन्।

### सुदृढ शान्तिसुरक्षा ...

सम्भावित अपराधिक गतिविधी नियन्त्रणमा सघाउ पुऱ्याउनु स्थानिय समुदायको पनि दायित्व र जिम्मेवारी हुने उनको भनाई छ। अहिले सरोकारवालाको राय तथा सल्लाह लिदैछु, उनले भने, सोही आधारमा नयाँ सुरक्षा राणनीति अघि बढ्छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# रामजानकी विवाहपञ्चमी महोत्सव सुरु

धनुषा, १७ मङ्सिर (रासस)।

जनकपुरधाममा रामजानकी विवाहपञ्चमी महोत्सव शुक्रबारदेखि विधिवत्रूपले शुभारम्भ भएको छ। सात दिवसीय यस महोत्सवअन्तर्गत शुक्रबार पहिलो दिन नगर दर्शन कार्यक्रम रहेको छ।

नगर दर्शनमा भगवान् राम र लक्ष्मणको प्रतीकका रूपमा दुई बालकलाई जानकी मन्दिरको प्राङ्गणबाट मिथिलानगर घुमाइने मन्दिरका सह–महन्त रामरोशनदास वैष्णवले जानकारी दिनुभयो।

नगर दर्शन हेर्न जानकी मन्दिरमा शुक्रबारका दिन श्रद्धालुको भक्तजनको भीडले राम र लक्ष्मणलाई फूल बर्षाएर स्वागत गर्दछन्। शुक्रबारदेखि सुरु भएको महोत्सव मङ्सिर २३ गतेसम्म चल्नेछ। भोलि शनिबार फूलबारी लीला, मङ्सिर १९ गते धनुषयज्ञ, २० गते तिलकोत्सव, २१ गते मटकोर, २२ गते स्वयम्बर तथा विवाह र २३ गते रामकलेवा गरी महोत्सव सम्पन्न हुनेछ।

मङ्सिर शुक्ल पञ्चमीका दिन त्रेतायुगमा भगवान् राम र सीताको विवाह जनकपुरधाममा भएको सम्झनामा प्रत्येक वर्ष विवाहपञ्चमी महोत्सव भव्यरुपमा मनाइने गरिन्छ। जनकनन्दिनी सीताको विवाह भएको दिनको स्मरणमा मिथिलावासीले यो पर्वलाई विशेष महोत्सवका रूपमा मनाउँदै आएका छन्। यो महोत्सवमा नेपाल र भारतलगायत अन्य राष्ट्रका धार्मिक पर्यटक सहभागी हुँदै आएका छन्।

त्रेतायुगमा मिथिला नरेश जनकले छोरी सीताको स्वयम्वरका लागि प्रतिस्पर्धामा राखेका शिव धनुषलाई अयोध्याका राजा दशरथका जेठा सुपुत्र रामले तीन टुक्रा पारेपछि मङ्सिर शुक्ल पञ्चमीका दिन राम र सीताको विवाह भएको सम्झनामा यस महोत्सवको आयोजना हुँदै आएको महन्थ रामतपेश्वर दास वैष्णवले जनाउनुभयो।

गोस्वामी तुलसी दासको रामायणअनुसार जनकपुरधामको रङ्गभूमिमा आयोजना गरिएको सो स्वयम्बरमा ३३ कोटी देवी देवताको उपस्थिति थियो। सीतालाई छोरी वा बहिनीका रूपमा मान्ने मिथिलावासी महोत्सवमा देवीदेवताको सहभागिता सशरीर नभए पनि अदृश्यरूपमा उपस्थित हुने विश्वासले हर्ष र उल्लासका साथ प्रतिछायाँ जन्तीको आगमनदेखि बिहेसम्म सहभागी हुन्छन्।

यस महोत्सवमा हिन्दूका अतिरिक्त बौद्ध, शिख र इसाइलगायत अन्य धर्मावलम्बी पनि सामेल हुँदै आएका छन्। महोत्सवका क्रममा मिथिलाको संस्कृतिअनुसार तिलकोत्सव, मटकोर, स्वयम्बर र विवाह संस्कार पनि हुने गरेको छ।

पौराणिक व्यवस्थाअनुसार राममन्दिरबाट बाजागाजा र झाँकीसहित भगवान् रामको प्रतिमालाई विशेषरूपमा निर्मित डोलीमा राखी रङ्गभूमि पुऱ्याइन्छ। त्यस्तै जानकी मन्दिरबाट सीताको प्रतिमालाई सुसज्जित डोलीमा राखी रङ्गभूमिमा पुऱ्याइन्छ। रङ्गभूमिमा स्वयम्बरका साथै वैवाहिक विधि सम्पन्न भएपछि सीता–रामलाई जानकी मन्दिरमा ल्याई मिथिला संस्कृतिअनुसार विवाह सम्पन्न गरिन्छ।



**महोत्सवका लागि तयारी**

महोत्व मनाउनका लागि जानकी मन्दिरमा सर्वदलीय तथा सर्वपक्षीय बैठक सम्पन्न भएको छ। विवाहपञ्चमी महोत्सवलाई भव्यरुपमा मनाउनका लागि तयारीमा जुट्न मन्दिरका महन्थ वैष्णवले सबैलाई आग्रह गर्नुभएकामा सर्वपक्षीय बैठकले विभिन्न समिति उपसमिति गठन गरेको छ।

जसमा शान्तिसुरक्षा, प्रचारप्रसार, बजार व्यवस्था, रङ्ग भूमिमा द्वार निर्माण, स्वास्थ्योपचारका साथै पण्डाल, सवारी साधान र ट्राफिक व्यवस्थापन जस्ता उपसमिति गठन गरेर भक्तजनको सुविधाका लागि कार्यरत रहेको उहाँको भनाइ थियो।

**अयोध्याबाट जन्ती नआउने**

महोत्सवमा भारतको अयोध्याबाट जन्ती आउने गरेकामा केही वर्षदेखि रोकिएको र यस वर्ष पनि नआउने भएको छ। विधि पुऱ्याउनका लागि भने केही मात्रामा साधुसन्त तथा महन्थ आउने महन्थ दासले जानकारी दिनुभयो। कोरोना सङ्क्रमण फैलिएदेखि अयोध्याबाट विवाहपञ्चमीमा जन्ती आएका छैनन्।

जनकपुरधाममा हुने विभिन्न महोत्सवमध्ये सबैभन्दा ठूलो महोत्सवका रूपमा रामजानकी विवाह पञ्चमीलाई लिइन्छ। विगत दुई वर्ष कोरोनाले महोत्सवलाई पनि असर पारेकामा यस वर्ष भने केही सहज हुने विश्वास गरिएको छ। दुवै देशमा कोरोना अहिले नियन्त्रणको अवस्थामा रहेकाले महोत्सवमा अत्यधिक भीड हुने अनुमान गरिएको छ।

**महोत्सवको तयारीमा जुट्न मुख्यमन्त्रीको निर्देशन**

प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले महोत्सवका लागि तयारीमा जुट्न सरोकार निकायलाई निर्देशन दिनुभएको छ। बुधबार प्रदेश सरकार, जनकपुरधाम उपमहानगरपालिका, जानकी मन्दिर एवं सुरक्षा निकायका प्रमुखसहितको संयुक्त बैठकमा उहाँले यो महोत्सव प्रदेशको धरोहर भएकाले यसलाई भव्य र सभ्य बनाउन सबै निकायलाई निर्देशन दिनुभएको हो।

मुख्यमन्त्री राउतले सुरक्षा व्यवस्था चुस्तदुरुस्त बनाउन सुरक्षा निकायलाई निर्देशन दिँदै आवश्यक सहयोग प्रदेश सरकारले पनि गर्ने प्रतिबद्धता जनाउनुभयो।

महोत्सवलाई भव्य र सभ्य बनाउन प्रदेश सरकारकोतर्फबाट मूल नाकाहरूमा प्रवेशद्वारा निर्माण गर्नाका साथै खानेपानीको व्यवस्था गर्न सम्बन्धित मन्त्रालयलाई भनिएको थियो।

**जनकपुरधाममा सरसफाई**

महोत्सवलाई दृष्टिगत गरी जनकपुरधाममा बृहत् सरसफाइ अभियान आयोजना गरिएको छ। विवाहपञ्चमीको मूल कार्यक्रम हुने जानकी मन्दिर, रङ्गभूमि मैदानलाई केन्द्रित गरेर सरसफाइ गरिएको हो। सह महन्थ वैष्णवको अगुवाइमा भएको सरसफाइमा प्रदेश नं २ का मुख्यमन्त्री राउतसहितविशिष्ट व्यक्तिको सहभागितो थियो।

जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख लालकिशोर साह, सुरक्षा निकायका प्रदेशका प्रमुखहरू, प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलासहितका सुरक्षा निकायको सहभागितामा भएकोसरसफाइ मा तीनवटै सुरक्षा निकायका पदाधिकारी र उपमहानगरपालिकाका प्रतिनिधि तथा सफाइकर्मीको उल्लेख्य सहभागिता थियो।

**महोत्सवभर माछामासु र मदिरा प्रतिवन्ध**

विवाहपञ्चमी महोत्सव अवधिभर जनकपुरधाम क्षेत्रमा माछा–मासु, मदिरा तथा लागुपदार्थ सेवन र बिक्रीवितरणमा रोक लगाइएको छ। उपमहानगरपालिकाले बिहीबार एक सूचना जारी गर्दै मङ्सिर १७ देखि २६ गतेसम्म नगरक्षेत्रमा माछामासु, मदिरा तथा लागुपदार्थ सेवन र बिक्रीवितरणमा रोक लगाइएको जनाएको हो।

शुक्रबारदेखि सुरु हुन लागेको रामजानकी विवाहपञ्चमी महोत्सवलाई मध्यनजर गर्दै मङ्सिर २६ गतेसम्म माछामासु, मदिरा तथा लागुपदार्थ सेवन तथा बिक्रीवितरण गर्न पूर्ण निषेध गरिएको प्रमुख प्रशासकीय अधिकृत प्रद्युम्नप्रसाद उपाध्यायले जानकारी दिनुभयो।

# आगामी निर्वाचनमा कांग्रेसलाई विजयी गराउनुपर्ने दायित्व सबैको काँधमा छ : सभापति देउवा

काठमाडौं, १७ मङ्सिर (रासस)।

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पाटीको आसन्न १४औं महाधिवेशनबाट पाटीलाई अझ बलियो बनाएर आगामी तीनै तहको निर्वाचनमा विजयी गराउनुपर्ने दायित्व सबैको काँधमा रहेको बताउनुभएको छ।

प्रदेश नं १ को प्रथम प्रदेश अधिवेशनको भर्चुअलरुपमा उद्घाटन गर्दै उहाँले अहिलेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था कांग्रेसको अगुवाइमा आएको उल्लेख गर्दै कांग्रेसले सबै ठूला परिवर्तनको नेतृत्व गरेर मुलुकमा समृद्धिको पूर्वाधार खडा गरेको बताउनुभयो। संविधान जारी भएपछि प्रदेशको यो ऐतिहासिक पहिलो अधिवेशन भएको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले भन्नुभयो, "केही महिनाभित्रै स्थानीय तहको निर्वाचन तथा एक वर्षभित्र संघ र प्रदेशको निर्वाचनमा जाँदैछौं। त्यसैले पनि १४औं महाधिवेशन लगत्तै हाम्रो ध्यान तीनै तहका चुनावतर्फ हुनुपर्छ। पार्टीका आन्तरिक चुनावमा हुने जितहार एउटा स्वभाविक प्रक्रिया हो, लोकतान्त्रिक अभ्यास हो। त्यसैले तपाईहरुले आन्तरिक प्रतिस्पर्धालाई लोकतान्त्रिक अभ्यासको रुपमा लिएर आगामी दिनमा पाटीका सबै नेता तथा कार्यकर्ता एकढिक्का भएर जनताको विश्वास जित्ने गरी चुनावमा केन्द्रित हुनुहुनेछ भन्ने मैले विश्वास लिएको छु।"

लोकतन्त्र स्थापना र पुनःस्थापनाका लागि सहादत प्राप्त गर्ने योद्धाप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै उहाँले जननायक बिपी कोइरालाको विचार अनि अन्य अग्रज नेताको योगदानलाई स्मरण गर्दै अब सबैले कांग्रेसलाई सदृढ र बलियो बनाउनुपर्ने उल्लेख गर्नुभयो। बलियो लोकतन्त्रमा मात्रै मुलुकको विकास र समृद्धि सम्भव हुने भन्दै प्रधानमन्त्री देउवाले मुलुकको विकास र समृद्धिको नेतृत्व कांग्रेसले मात्रै गर्न सक्छ भन्ने विगतका घटनाक्रमले पुष्टि गरिसकेको उल्लेख गर्नुभयो।

"मलाई विश्वास छ, शुक्रबार हुने प्रदेश अधिवेशनमा तपाईहरुले नेपाली कांग्रेसलाई थप सशक्त र बलियो बनाउने तथा जनताको मन जित्ने गरी रणनीति बनाउने विषयमा पनि छलफल गर्नुहुनेछ", उहाँले भन्नुभयो। प्रधानमन्त्री देउवाले प्रदेश अधिवेशनको पूर्ण सफलताको कामना गर्दै सहभागि सबैलाई बधाई तथा शुभकामना व्यक्त गर्नुभएको छ।

## विश्व समाचार

### न्युयोर्कमा एकैदिन ओमिक्रोनका पाँच संक्रमित भेटिए

न्युयोर्क, १७ मङ्सिर (रासस/सिन्ह्वा)।

पछिल्लो पटक अफ्रिकामा भेटिएको भनिएको कोरोना भाइरसको नयाँ भेरियन्ट, ओमिक्रोन भाइरसका संक्रमितहरु अमेरिकाको न्युयोर्क सहरमा एकैदिनमा कम्तीमा पनि पाँच जनामा देखा परेको अमेरिकाको न्युयोर्क सहरका गभर्नर क्याथी होचुलले जानकारी दिनुभएको छ। अमेरिकाका स्वास्थ्य अधिकारीहरुले यो नयाँ भेरियन्ट बुधबार अमेरिकाको क्यालिफोर्नियामा पत्ता लागेको पाइएको बताएका थिए। त्यसको भोलिपल्टै अर्थात् बिहीबार मात्र यो भेरियन्ट न्युयोर्कमा पनि पाइएको समाचार विभिन्न विदेशी सञ्चारमाध्यमहरुले दिएका छन्। यही नोभेम्बर २२ मा दक्षिण अफ्रिकाबाट आएका एक जना व्यक्तिमा सो भेरियन्ट देखिएको जानकारी क्यालिफोर्नियाको स्वास्थ्य विभागका अधिकारीहरुले बुधबार जानकारी दिएका थिए।

उनको परीक्षणमा कोरोना पोजेटिभ देखिएपछि युनिभर्सीटी अफ क्यालिफोर्नियामा थप परीक्षण गरिएको थियो। त्यसैगरी बुधबार नै अमेरिकाको अर्को शहर मिनेसोटामा पनि कोरोना भाइरसको नयाँ अर्थात् पछिल्लो घातक भेरियन्ट भनिएको ओमिक्रोन पत्ता लागेको बताइएको थियो। अमेरिकाको सेन्टर फर डिजीज कन्ट्रोल एण्ड प्रिभेन्सनले क्यालिफोर्निया, मिनेसोटा राज्य र न्युयोर्क सहरमा ओमिक्रोनको संक्रमण भएको पुष्टि गरेको पनि समाचारमा जनाइएको छ। यो भाइरस हप्ता दिनमात्र अघि दक्षिण अफ्रिमा पत्ता लागेको बताइएको थियो। अहिले यो विश्वका करिब ३० देशमा भेटिइसकेको छ।

### बेइजिङमा एक करोड बढी मानिसले कोभिड-१९ को बुस्टर डोज लिए

बेइजिङ, १७ मङ्सिर, (रासस-सिन्ह्वा)।

शुक्रबार बिहान १० बजेसम्म चीनको राजधानीमा एक करोडभन्दा बढी मानिसले कोभिड-१९ को बुस्टर डोज लिएको स्थानीय स्वास्थ्य अधिकारीहरूले जनाएका छन्। सोही अवधिमा बेइजिङमा कोभिड-१९ खोपको कुल ५२.६ मिलियन डोज लगाइएको थियो। शहरमा खोप लिनेहरू मध्ये करिब ३० लाख ६० वर्ष वा सोभन्दा माथिका छन्। तीमध्ये पनि करिब १६०,००० खोप लिनेहरू ८० वर्ष वा सोभन्दा माथिका छन्। हालसम्म बेइजिङमा दुई करोडभन्दा बढी मानिसहरूले कम्तिमा एक डोज खोप लगाइसकेका छन्।

### अमेरिकामा ओमिक्रोन भेरियन्टको तेस्रो संक्रमण पुष्टि

वाशिंगटन, अमेरिका, १७ मङ्सिर (रासस-एएनआई/स्पुतनिक)।

संयुक्त राज्य अमेरिकामा ओमिक्रोन कोरोनाभाइरस संस्करणको तेस्रो केस कोलोराडो राज्यमा पुष्टि भएको छ। गभर्नर जेरेड पोलिसले बिहीबार पत्रकार सम्मेलनमा उक्त कुराको जानकारी दिनुभएको हो। "केही क्षण अघि, कोलोराडोको सार्वजनिक स्वास्थ्य र वातावरण विभागले ओमिक्रोन संस्करणको पहिलो कोलोराडो केस पुष्टि गर्यो। सङ्क्रमित दक्षिणी अफ्रिकाको यात्रा गरी भर्खर फर्किएकी हुन्। उनमा हाल हल्का लक्षणहरू देखिएको छ र घरमा अलग्गै बसेकी छिन्। उनले खोप लिएकी तिइन तर बुस्टर डोज भने लिएकी थिइनन्" गभर्नरले थप्नुभयो। क्यालिफोर्निया र मिनेसोटामा अहिलेसम्म दुई अन्य केसहरू फेला परेका छन्। ती संक्रमित तीनै जनालाई खोप लगाइएको थियो। नयाँ ओमिक्रोन संस्करणको बढ्दो त्रासका बीच अमेरिका लगायत विश्वभरका सरकारहरूले पछिल्लो समय यात्रा प्रतिबन्ध र सार्वजनिक स्वास्थ्य उपायहरू बढाएका छन्। राष्ट्रपति जो बाइडेनले बिहीबार जाडो मौसममा कोभिड भाइरस र नयाँ भेरियन्ट विरुद्ध लड्न मद्दत गर्ने उद्देश्यले पाँच-बुदे योजना घोषणा गर्नुभएको थियो।

### भारतको हरियाणामा कार दुर्घटना हुँदा अस्पतालका ५ कर्मचारीको मृत्यु

नयाँ दिल्ली, १७ मङ्सिर (रासस-सिन्ह्वा)।

उत्तरी भारतको हरियाणा राज्यमा शुक्रबार भएको सडक दुर्घटनामा निजी अस्पतालका पाँच कर्मचारीको मृत्यु भएको छ भने एक जना गम्भीर घाइते भएका छन्। भारतको राजधानी दिल्लीको बाहिरी भागमा रहेको गुरुग्राम जिल्लाको साधराना गाउँ नजिकै उक्त दुर्घटना भएको हो। सेक्टर ८४ स्थित जेनेसिस अस्पतालका ६ जना कर्मचारी अस्पताल फर्किंदै गर्दा स्थानीय समय अनुसार बिहान १ बजे दुर्घटना भएको हो। हरसरु-साधराना सडकमा तीव्र गतिमा गुडिरहेको कार अनियन्त्रित भई इँटामा ठोक्किएर सडक छेउमा पल्टिएको स्थानीय अखबार द ट्रिब्यूनले प्रहरी अधिकारीहरूलाई उद्धृत गर्दै लेखेको छ। घाइते कर्मचारीलाई अस्पताल भर्ना गरिएको छ। अखबारकाअनुसार पीडितहरू आफ्ना सहकर्मीको विवाह समारोहमा भाग लिएर अस्पताल जाँदै थिए। मृतकहरु विभिन्न राज्यका रहेको पत्रिकाले जनाएको छ। "हामीले शवगृहमा राखेका छौं र परिवारलाई जानकारी गराएका छौं। हामी यस विषयमा थप अनुसन्धान गरिरहेका छौं," प्रहरी अधिकारी राकेश कुमारलाई उद्धृत गर्दै अखबारले लेखेको छ।

# दलित वस्तीका छात्रछात्रालाई पाठ्यपुस्तक वितरण



**दैनिक समाचारदाता**
**राजविराज, १७ मंसिर ।**

राजविराज जेसीजले नगरको वडा नं. ९ स्थित दलित वस्तीका छात्रछात्राहरूलाई पाठ्यपुस्तक सामग्री वितरण गरेको छ ।

राजविराज जेसीज सप्ताह २०२१ अन्तर्गत चौथौ दिन राजविराज नगरपालिका वडा नं. ९ मलेठस्थित विहारपुरका दलित वस्तीका सरकारी विद्यालयमा पठनपाठन गरिरहेका ४५ जना छात्र तथा छात्राहरूलाई पाठ्यपुस्तक सामग्री वितरण गरेको हो ।

आयोजित कार्यक्रममा राजविराज जेसीज वर्ष २०२१ का अध्यक्ष सिद्धार्थ तातेड, कोषाध्यक्ष उज्ज्वल काबरा, कार्यकारी उपाध्यक्षद्वय मनिस दास र रन्जना चौधरी, उपाध्यक्षद्वय पंकज देव र रवि राय तथा च्याप्टर एडिटर विप्लव आनन्दको सहभागिता रहेको थियो भने स्थानीय व्यवसायी तथा समाजसेवी मो. जालम खान लगायतको उपस्थिति रहेको थियो ।

# विवाह पञ्चमी महोत्सवका लागि विशेष सरसफाइ अभियान

जनकपुर, १७ मङ्सिर (रासस) ।

धार्मिक आस्थासँग जोडिएको ऐतिहासिक सीताराम विवाह पञ्चमी महोत्सवलाई दृष्टिगत गरी शुक्रबारदेखि जनकपुरधाम नगर क्षेत्रभित्र सरसफाइ अभियान सुरु गरिएको छ । जनकपुर उपमहानगरपालिकाका कर्मचारीको आन्दोलनका कारण लामो समयदेखि फोहर उठ्न नसक्दा जनकपुरधाम नगर क्षेत्रका सडकमा फोहरको डङ्गुर लागेर दुर्गन्ध फैलिन थालेपछि नगर क्षेत्रमा विशेष सरसफाइ अभियान सुरु गरिएको हो ।

जनकपुरधाम उपमहानगरपालिकाको अगुवाइमा सुरु भएको विशेष सरसफाइ अभियानको शुक्रबार बिहान प्रदेश नं २ का उद्योग, पर्यटक, वन तथा वातारणमन्त्री सत्रुधन महतो, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख लालकिशोर साह, धनुषाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलालगायतले संयुक्तरूपमा उद्घाटन गर्नुभयो ।

उपमहानगरपालिकाको सात टोलीसहित सुरक्षा निकाय र सङ्घसंस्थाका प्रतिनिधिसमेत गरी नगर क्षेत्र सरसफाइका लागि १० वटा टोली परिचालन गरिएको नगरप्रमुख साहले बताउनुभयो । “शुक्रबारदेखि सप्ताहव्यापीरूपमा सुरु भएको विवाह पञ्चमी महोत्सवलाई ध्यानमा राखेर सरसफाइ अभियानको सुरुआत गरिएको छ”, नगरप्रमुख साहले भन्नुभयो, “विविध कारणले नगर क्षेत्रको फोहर उठ्न सकेको थिएन, तर ढिलै भए पनि सबै पक्षको सहयोगमा सरसफाइ अभियान सुरुआत गरिएको हो ।” यो अभियान अब नियमितरूपमा चल्ने उहाँको भनाइ थियो ।

नगर क्षेत्रको चारैतिर परिचालन भएको टोलीले सडक र गल्लीहरूमा सरसफाइ गर्ने र यसरी सङ्कलित फोहर हालका लागि बनाइएको अस्थायी डम्पिङसाइटमा फ्याँकिने नगरप्रमुख साहले बताउनुभयो । विवाह पञ्चमी महोत्सवलाई ध्यानमा राखी नगर क्षेत्रको विभिन्न स्थानमा अस्थायी शौचालय निर्माणको कामसमेत अघि बढाइसकेको नगरप्रमुख साहले जानकारी दिनुभयो ।

धार्मिक, सांस्कृतिक महत्व बोकेको सीताराम विवाह पञ्चमी महोत्सवमा नगर क्षेत्रलाई सफा र स्वच्छ बनाउन ढिलै गरी भए पनि सरसफाइ अभियान सुरुआत गरिनु सकारात्मक भएको प्रदेश नं २ का उद्योग, पर्यटक, वन तथा वातारणमन्त्री सत्रुधन महतोले बताउनुभयो ।

“यो अभियान पहिला नै सुरु गरिनुपर्दथ्यो”, मन्त्री महतोले भन्नुभयो, “तर ढिलै भए पनि राम्रो कामको सुरुआत भएको छ, यसमा सबैको साथ सहयोग चाहिएको छ ।” जनकपुरधामलाई कसरी सफा, स्वच्छ बनाउन सकिन्छ भन्नेबारेमा सबैले सोच्नु जरुरी रहेको उहाँको कथन थियो ।

जनकपुर नगर क्षेत्रमा फोहर उठ्न नसकेको भन्दै चौतर्फी गुनासो उठ्न थालेपछि आफूले फोहर व्यवस्था गर्न पहिलेदेखि नै पहल गरे पनि उपमहानगरपालिकाका कर्मचारी र जनप्रतिनिधिबीचको विवादका कारण नसकिएको धनुषाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलाले बताउनुभयो ।

“फोहरले नगर नै दुर्गन्धित भयो भनेर धेरैतिरबाट गुनासो आएपछि म आफैँले फोहर व्यवस्थापन गर्न पहल गरेँ, तर न त नगरप्रमुख यसबारेमा गम्भीर हुनुभएको थियो, न त वडाध्यक्षहरू नै”, प्रजिअ बाँस्तोलाले भन्नुभयो, “तर लामो समयको पहल र प्रयत्नपछि सबैको सहयोगमा जसरी सरसफाइ अभियानको शुभारम्भ भएको छ त्यो खुशीको कुरा हो ।” सरसफाइ अभियानसँगै अब जनकपुरधाम नगर क्षेत्र सफा र सुन्दर हुने भएकाले यसलाई निरन्तररूपमा अघि बढाइरहनुपर्ने प्रजिअ बाँस्तोलाको भनाइ छ ।

# २४६ मा कोरोना संक्रमण पुष्टि

काठमाडौँ, १७ मङ्सिर (रासस)

देशभर पछिल्लो २४ घण्टामा थप २४६ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । यस अवधिमा सात हजार ८३६ जनाको पीसीआर परीक्षण गरिएको थियो ।

यससँगै नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षणपछि भएका सङ्क्रमितको संख्या आठ लाख २२ हजार १७२ पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । एन्टिजेन विधिबाट परीक्षण गर्नेको संख्या ९५ हजार ५६९ पुगेको छ । पछिल्लो समय थप ३४७ जना कोरोनाबाट निको भएका छन् । यससँगै निको हुनेको संख्या आठ लाख तीन हजार ७१६ पुगेको छ । निको हुने दर ९७ दशमलव सात प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा कोरोनाबाट कसैको पनि मृत्मु नभएको मन्त्रालयले जानकारी गराइएको छ । यस रोगबाट हालसम्ममा मृत्यु हुनेको संख्या ११ हजार ५३५ पुगेको छ । कोरोनाबाट हुने मृत्युदर १।४ प्रतिशत रहेको छ । हाल देशभर सक्रिय सङ्क्रमितको संख्या ६ हजार ९२१ रहेको छ । हाल होम आइसोलेशनमा छ हजार ५७९, संस्थागत आइसोलेशनमा ३४२, आइसीयुमा १०७ र भेन्टिलेटरमा ३४ जनाको उपचार हुँदैछ । त्यसैगरी पछिल्लो २४ घण्टामा एक लाख ७५ हजार ५६७ जनाले खोप लगाएको पनि मन्त्रालयले जानकारी गराएको छ ।

## सूचना। सूचना।। सूचना।।।

यहि मिति २०७८ साल मंसिर १७ गतेदेखि पहिलो चरणमा सप्तकोशी न.पा., सुरुङ्गा न.पा., खडक न.पा., शम्भुनाथ न.पा., डाक्नेश्वरी न.पा., हनुमाननगर कंकालीनी न.पा., अग्नीसाईर कृष्णासवरन गा.पा. र तिरहुत गा.पा. तथा पुष ४ गतेदेखि दोस्रो चरणमा तिलाठी कोइलाडी गा.पा., छिनमस्ता गा.पा., रुपनी गा.पा., महादेवा गा.पा., विष्णुपुर गा.पा., बलान बिहुल गा.पा. र राजगढ गा.पा.मा मतदाता नामावलीमा नाभ दर्ता गराउन छुट हुनु भएका मतदाताहरुको लागि १५ दिने मतदाता नामावली संकलन विशेष कार्यक्रम सञ्चालन हुन गईरहेकोले आ आफ्नो स्थानीय तहमा सम्पर्क राखी मतदाता नामावलीमा नाम दर्ता गराई आफ्नो मताधिकार सुनिश्चित गर्नु हुन हार्दिक अनुरोध गर्दछौ । जिल्ला प्रशासन कार्यालय/जिल्ला निर्वाचन कार्यालय र इलाका प्रशासन कार्यालय रहेका स्थानीय तहको हकमा साविकमा झै तहाँबाटै निरन्तर रुपमा नै मतदाता नामावली संकलन हुने साथै बाह्य जिल्ला ठेगाना भएका मतदाताहरुको लागि जिल्ला निर्वाचन कार्यालयबाटमात्र नाम दर्ता हुने व्यहोरा समेत अनुरोध गर्दछौं ।

जिल्ला निर्वाचन कार्यालय
सप्तरी

कोरोना संक्रमणदर घटेको मात्र हो पूर्णरुपमा हटेको छैन ।
त्यसैले सचेत र सतर्क रहौं ।
विद्यालय तथा अन्य जमघटमा जाँदा
स्वास्थ्य मापदण्डको अनिवार्य पालना गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम
तुरुन्त भुक्तानी लिनका लागि
सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*